Asian Network for Free Elections

# प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९
# अन्तरिम प्रतिवेदन

**काठमाडौं, नेपाल**
**मंसिर ७, २०७९**

एसियन नेटवर्क फर फ्री इलेक्सन (एनफ्रेल) प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सक्रियतापूर्वक सहभागिता जनाएकोमा सम्पूर्ण नेपाली जनताहरु र शान्तिपूर्ण एवम व्यवस्थित वातावरणमा मतदान प्रक्रिया सम्पन्न गरेकोमा निर्वाचन आयोगप्रति हार्दिक बधाई ज्ञापन गर्दछ । साथै निर्वाचन प्रक्रियालाई समावेशी, पारदर्शी र विश्वसनीय बनाउनका लागि राष्ट्रियस्तरका निर्वाचन पर्यवेक्षण संघसंस्थाहरु निर्वाचन पर्यवेक्षण समिति नेपाल (EOC-N), शान्ति, न्याँय र लोकतन्त्रका लागि समावेशी महिला सन्जाल (संकल्प नेपाल), अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC), वागेश्वरी असल शासन क्लब (BAS), डेमोक्रेशी रिर्सोस सेन्टर नेपाल (DRCN), एसियन नेटवर्क फर फ्री इलेक्सन (ANFREL) को साझेदार संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (NEOC), जनरल इलेक्सन अवर्जवेशन कमिटि (GEOC), संचारमाध्यमहरु र नागरिक संघसंस्थाहरुको महत्वपूर्ण भूमिकाप्रति उच्च प्रसंसा गर्दछ ।

निर्वाचनको दिन अर्थात २०७९ मंसिर ४ गतेका दिन एनफ्रेलका ४ जना अन्तराष्ट्रिय पर्यवेक्षकहरुद्धारा मधेश, वाग्मति, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न ५१ वटा मतदान स्थलहरुको अवलोकन गरिएको थियो । पर्यवेक्षकहरुले मतदान प्रक्रियाको शुरुवात, मतदान प्रक्रिया र मतगणनाको अवलोकन गरेका थिए । प्रतिनिधि सभा र प्रदेश सभा सदस्यहरुको निर्वाचनका लागि निर्वाचन आयोगद्धारा देशभर १०,८९२ मतदान स्थलहरु र २२,२२७ केन्द्रहरु तोकिएको थियो । मताधिकारका लागि योग्य मतदाताहरुको संख्या १,७९,८८,५७० थियो । निर्वाचन पर्यवेक्षणका क्रममा खटिएका एनफ्रेलका पर्यवेक्षकहरुले राजनैतिक दलहरुको प्रचारप्रसार अभियानको अन्तिम चरणको अवलोकन, विभिन्न व्यक्तिहरुसंग अन्तरवार्ता, निर्वाचनसंग सम्बन्धित सरोकारवाला निकायहरु र समुदायका व्यक्तिहरुको धारणाहरु संकलन गरेका थिए ।

## निर्वाचनको दिनको वातावरण र मतदान प्रक्रिया

संविधानसभा मार्फत वि.स. २०७२ सालमा नँया संविधान जारी भए पश्चात् ४ वटा मतपत्रहरुको प्रयोग गरि एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सुसम्पन्न गरेकोमा एनफ्रेल निर्वाचन आयोगलाई हार्दिक बधाई ज्ञापन गर्दछ । विशेषगरी मतदाताहरुमा मतपत्रलाई लिएर कुनै पनि अन्योलता वा असहजता नहोस भन्ने हेतले निर्वाचन आयोगद्धारा अवलम्बन गरिएको मतदातालाई एक पटकमा एक वटा मात्र मतपत्र वितरण गर्ने अभ्यास प्रभावकारी पाइयो । यद्यपि, आगामी दिनमा हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनहरुमा कालो र रातो रंगको दुईवटा मतपत्रको सट्टा फरक फरक रंगको ४ वटा कागजमा मतपत्र छपाई गर्ने प्रावधान मिलाउन सकेमा मतदाताहरुमा अन्योलता कम हुनेमा एनफ्रेल विश्वस्त छ । सोही अनुरुप मतपत्र छपाई गर्ने व्यवस्था मिलाउनका लागि एनफ्रेल निर्वाचन आयोग समक्ष सिफारीस गर्दछ । एनफ्रेलको पर्यवेक्षणको क्रममा मतदान कार्यमा खटिएका कर्मचारिहरुले मतदाताहरुलाई दुई वटा मतदान केन्द्रहरुमा मतदान प्रक्रिया स्थगित हुनु अगाडि भुलवश प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि एउटै मतपत्र वितरण गरेको देखिन्छ ।[1]

एनफ्रेलका पर्यवेक्षकहरुले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ को अवलोकनका क्रममा मतदाताहरु समक्ष मतदानका लागि सिमीत अवसरहरु मात्र उपलब्ध भएकोले गर्दा मतदानको प्रक्रियामा उत्साहजनक सहभागितामा कमि आएको महशुश गरेका छन् । यो निर्वाचनमा करिब ६१% मात्र मतदान भएको छ ।[2]

---

[1] https://myrepublica.nagariknetwork.com/news/controversy-in-dhanusha-and-saptari-after-provincial-assemblies-ballot-papers-given-instead-of-hor-ballot-paper/
[2] Provisional number which could change as the counting progresses.

एनफ्रेल घटदो मत प्रतिशतको प्रवृतिलाई उचित सम्बोधन गर्न र वैदेशिक रोजगारीका लागि नेपाल बाहिर रहेका करिब २६,००,००० नेपाली कामदारहरुको मताधिकारको अधिकारलाई सुनिश्चित गराउनका लागि आगामी बन्ने संघीय ससदलाई आवश्यक नँया कानून निर्माणका लागि सिफारिस गर्दछ ।[3] यसका अतिरिक्त सुझावका रुपमा एनफ्रेल मतदाता नामावली रहेको निर्वाचन क्षेत्र बाहिर कामको शिलशिलामा बसोबास गर्ने मतदाताहरुलाई मताधिकारको उपयोग गर्ने वातावरण निमार्णका सर्न्दभमा समेत आवश्यक कानुन निमार्णका लागि संघीय संसदले गृहकार्य गर्न आग्रह गर्दछ । जसका कारण मतदाता नामावली भएको निर्वाचन क्षेत्र भन्दा बाहिर रहेका मतदाताहरुले समेत सहज वातावरण र कम खर्चमा मतदान गर्न सक्दछन । त्यसका साथै उक्त कार्यले नेपालको सम्मानित सर्वोच्च अदालतले नागरिकहरुको मतदान सम्बन्धि अधिकारका सम्बन्धमा वि.सं. २०७४ चैत्र महिनामा सरकार र मन्त्रिपरिषदका नाममा जारी गरेको आदेशको पालनामा समेत सघाउ पुग्दछ ।

मतदान प्रक्रियामा खटिएका कर्मचारीहरुले विशेषत मतदान सहज, सरल र प्रक्रियामा देखिएको दुविधाहरुलाई समयमा नै सम्बोधन गरेका छन । पर्यवेक्षणका क्रममा हाम्रा पर्यवेक्षकहरु पुगेका अधिकांश मतदान केन्द्रहरुमा मतदान प्रक्रिया तोकिएको समय अर्थात विहान ठिक ७ बजे नै शुरुवात भएको देखिएन । सबै मतदान केन्द्रमा मतदान प्रक्रिया केहि ढिला गरि शुरुवात भएको थियो भने एकवटा मतदान केन्द्रमा ७:४५ बजे मात्र शुरुवात भएको थियो ।

एनफ्रेलले अवलोकन गरेका सम्पूर्ण मतदान केन्द्रहरुमा मतदान प्रक्रिया पारदर्शी थियो । मतदान प्रक्रियालाई विश्वसनीय बनाउनका राजनैतिक दलहरुका प्रतिनिधिहरु र राष्ट्रिय तथा स्थानीय पर्यवेक्षकहरुको उपस्थितिले थप योगदान पुयाएको थियो । अवलोकनका क्रममा नागरिकको गोप्य मतदानको अधिकारको सम्बन्धमा मतदानमा खटिएका कर्मचारीहरु अत्यन्त संवेदनशील भएको पाइयो । यद्यपि, नागरिकहरुको गोप्य मताधिकारको अधिकारलाई थप सुदृढ बनाउनका लागि सुधार गर्नपर्ने आवश्यकता भने देखिन्छ ।

यसका अतिरिक्त मतदानको प्रक्रियामा देखिएका असंगतिहरुको न्यूनिकरण र पूर्ण निराकरण गर्नका लागि मतदान कर्मचारीहरुलाई थप तालिमको व्यवस्था गर्न आवश्यक छ भन्नेमा हाम्रो सुझाव रहन्छ । उदाहरणका लागि निर्वाचनमा खटिएका कर्मचारीहरु र सुरक्षा निकायहरुलाई पर्यवेक्षकहरुको काम, कर्तव्य र अधिकारका बारेमा पहिले नै शुसूचित गराउन सकेमा उनीहरुले आफनो भूमिकालाई थप प्रभावकारी बनाउन सक्दछन । मतदान केन्द्रहरुको सुरक्षाका लागि व्यक्तिहरुको चेकजाँच र मोवाइल लगायतका विद्युतीय उपकरणहरुको प्रयोगका सम्बन्धमा केही असमानताहरु देखिन्छ ।

## सुरक्षा र सम्बन्धित घटनाहरु

निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउनको लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सुरक्षा निकायहरुको योगदान र कर्तव्यनिष्ठतालाई एनफ्रेल विशेष आभार व्यक्त गर्दछ । अधिकांश देशहरुमा निर्वाचनका क्रममा मतदान परिसरको बाहिर मात्र हतियार सहितका सुरक्षाकर्मी खटाएर सुरक्षाको प्रबन्ध गर्ने गरेको पाइन्छ। नेपालको सर्न्दभमा निर्वाचन सुरक्षाको तयारी गर्दा हामी नेपाल सरकार र निर्वाचन आयोगलाई मतदाताहरुको सुरक्षाको आवश्यकता र मतदानका लागि उपयुक्त वातावरणलाई मनन गर्दै उपयुक्त र सन्तुलित निर्णय अवलम्बन गर्नका लागि अनुरोध गर्दछौ ।

बाजुरा जिल्लाको नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा झडपको स्थिति श्रृजना भएलगतै प्रहरीले चलाएको गोली लागेर दुई जनाको मृत्य भएको छ ।[4] बाजुरा जिल्लामा नै एकवटा मतपेटिकामा आगजनी भएको छ[5], भने नवलपरासी पूर्वमा उम्मेदवारको प्रतिनिधिले मतपेटिकामा एसिड खन्याएको समाचार विभिन्न सञ्चारमाध्यमहरुले प्रकाशित गरेका छन ।[6]

---

[3] https://migrantmoney.uncdf.org/wp-content/uploads/2021/10/country-monitor-on-migration-and-remittance-nepal.pdf
[4] https://english.onlinekhabar.com/bajura-election-violence-victims.html
[5] https://kathmandupost.com/sudurpaschim-province/2022/11/20/ballot-box-set-on-fire-in-bajura-polling-centre
[6] https://kathmandupost.com/politics/2022/11/21/around-61-percent-cast-votes-in-largely-peaceful-polls

त्यसैगरि १५००० नक्कली मतपत्र सहित भारतको सिमावर्ती क्षेत्रबाट नेपाल प्रवेश गर्ने क्रममा पर्साबाट एकजना व्यक्ति पक्राउ परेका छन् ।[7]

पाँचथर, बर्दिया, झापा र कैलाली जिल्लाका मतदान केन्द्र नजिकै बम विस्फोट भएको थियो[8] भने रौतहट, सिराहा, चितवन, दोलखा, बाजुरा र हुम्ला जिल्लामा प्रहरीले सुरक्षाको पूर्वसावधानि र सुरक्षा चेतावनी स्वरुप गोली चलाउनु परेको थियो । कार्तिक ३० गते चुनाव बहिष्कारको आह्वान गरेको एउटा सानो समूहका सदस्यहरुले बम बनाउँदै गर्दा नेपालगन्जमा प्रेसरकुकर बम विस्फोट भएको थियो ।

विभिन्न घटनाहरुका कारणले गर्दा २०७९ मंसिर ४ गते आइतबारका दिन अवरुद्ध १५ वटा मतदान केन्द्रहरुमा मंसिर ११ गतेका दिन पुनः मतदान हुने भएको छ ।

## समावेशीता र पहुँच

निर्वाचन आयोगको तथ्याङ्क अनुसार प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनमा मनोनयन दर्ता गरेका ११,५३४ उम्मेदवारहरु मध्ये ३,२०३ अर्थात् २७.७% उमेदवारहरु मात्र महिलाहरु छन् । लैगिकताको आधारमा उमेदवारहरुको समग्र संख्यालाई हेर्ने हो भने पहिलो हुने निर्वाचित प्रणाली र समानुपातिकको अनुपातमा ठुलो अन्तर छ । जबकि पहिलो हुने निर्वाचन प्रणाली अर्न्तगत प्रतिनिधि सभा र प्रदेश सभातर्फ महिलाको उमेदवारी क्रमशः ९.३% र ८.७% प्रतिशत मात्र छ भने समानुपातिक तर्फ प्रतिनिधि सभा र प्रदेश सभामा क्रमश ५३.४% र ४०.७% उम्मेदवारहरु महिला छन् ।

नयाँ संविधानको प्रावधान बमोजिमको कोटा प्रणाली मार्फत राजनीतिमा प्रवेशका लागि महिलाहरु निकै लाभान्वित भएका छन । तरपनि, महिलाहरुलाई राजनैतिक दलहरुले पहिलो हुने निर्वाचित प्रणालीमा प्रतिस्पर्धाका लागि टिकट नदिई समानुपातिक प्रतिनिधित्वको सिटमा मात्र सिमीत गरेकोमा एनफ्रेल दुख व्यक्त गर्दछ । दलित, मुस्लिम, आदिवासी र अन्य सिमान्तकृत समुदायहरुको प्रतिनिधित्वको सवालमा विद्यमान यर्थातता पनि समान देखिन्छ ।

युवा, स्वतन्त्र वा अन्य नयाँ उम्मेदवारहरुले आम मतदाताहरुका लागि स्थापित राजनैतिक दलहरुको विकल्पका रुपमा उल्लेख्य असाधारण अवसरहरु प्रदान गरेका छन । यद्यपि, परम्परागत राजनीतिक दलहरु शक्ति बाडफाडको सम्झौता गर्नेगरि निर्वाचन अगावै विगतमा अभ्यास नगरिएको चुनावी गठबन्धन सहित निर्वाचनमा प्रवेश गरेका छन ।

एनफ्रेलका पर्यवेक्षकहरुले भ्रमण गरेका अधिकांश मतदान केन्द्रहरु *ह्विलचेयर*को प्रयोग गर्ने र सिमित गतिशिलता भएका व्यक्तिहरुको लागि मतदानस्थल पहुँच योग्य नभएको अवस्थामा देखिएको छ । विशेषगरी, गण्डकी प्रदेशको सर्न्दभमा भौगोलिक अवस्था र प्राकृतिक बनोटको जटिलताका कारणले गर्दा यो समस्या देखिन्छ । यद्यपि, पहुँचमा देखिएको समस्यालाई आंशिक रुपमा मनन गरिएता पनि यो अपरिहार्य देखिन्छ कि सार्वजनिक भवनहरुको निमार्ण गर्दा होस वा मतदान स्थलहरु तोक्ने क्रममा सरकारले शारीरिक रुपमा अशक्त र वयोवृद्ध व्यक्तिहरुको पहुँचलाई समेत आत्मसात गर्न जरुरी छ । पँहुचको सवाललाई निर्वाचनमा मात्र सिमीत नबनाई सार्वजनिक सेवाहरुमा समेत प्रत्याभूत गर्न जरुरी देखिन्छ ।

## मतगणना

एनफ्रेलका पर्यवेक्षकहरुलाई मतदानस्थल देखि मतगणनास्थलसम्म मतपेटिकाहरुको स्थानान्तरण प्रक्रियालाई अवलोकन गर्नका लागि अनुमति दिइएको थियो । अवलोकनका क्रममा मतपेटिका स्थानान्तरण प्रक्रिया पारदर्शी र सुरक्षित महशुस गरियो ।

मतगणना प्रक्रिया पनि निकै पारदर्शी छ । राजनीतिक दलहरुका प्रतिनिधिहरु, उम्मेदवारहरु र निर्वाचन पर्यवेक्षकहरुका लागि मतगणना खुला र पहुँचयोग्य छ । मतगणना स्थलमा पर्यवेक्षकहरुले क्यामराको प्रयोग गर्नका लागि आवश्यक अनुमतिका सम्बन्धमा भने एकरुपताको अभाव छ । आगामी निर्वाचनका अभ्यासहरुमा पर्यवेक्षकहरुको हकमा क्यामेराको प्रयोग दिने वा नदिने भन्ने सम्बन्धमा सरोकारवाला निकायहरुले एकरुपता अपनाउन जरुरी देखिन्छ । मतगणनाको क्रममा उत्पन्न असहमति वा मतभेदको अवस्था सम्बोधन गर्नका लागि मतगणना कार्यमा संग्लन कर्मचारीहरुले निर्वाचन आयोगको निर्देशीकालाई

[7] https://nepalnews.com/s/nation/man-arrested-with-fake-ballot-papers
[8] https://kathmandupost.com/national/2022/11/20/sporadic-incidents-of-violence-reported-as-nepal-goes-to-vote

आधार बनाई वा राजनीतिक दलहरुको बिचमा आपसी सहमतिबाट समस्याको समाधान गर्ने गरेको पाइयो । मतगणनाको प्रक्रिया ढिलो भएता पनि सहभागितामूलक छ ।

मतदाताहरुले फरक मतपेटिकामा खसालेका मतपत्रहरुको गणनाका सम्बन्धमा मतगणना स्थलहरुमा खासै एकरुपता देखिएन । जबकी समानुपातिक तर्फको मतपत्र भुलबस पहिलो हुने निर्वाचन प्रणालीको बाकसमा खसालेको सम्बन्धमा मत गणना गरेको पाइयो भने पहिलो हुने निर्वाचन प्रणाली तर्फको मतपत्र समानुपातिक तर्फको बाकसमा भेटिएकोमा गनिएको देखिएन । मतगणनाका क्रममा देशभर एउटै नियम लागूगरि त्रुटिपूर्ण तवरले पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक तर्फ दुवै मतपेटिकाहरुमा खसालिएका मतपत्रहरुलाई गणनागरि मतदाताहरुको अभिमतलाई गम्भिरतापूर्वक सम्मान गर्ने व्यवस्थाको सुनिश्चित गर्न एनफ्रेल सुझाव व्यक्त गर्दछ । यही विषयमा असहमति देखिएकोले रुपन्देही-४ मा मतगणना स्थगित गरिएको थियो ।[९]

पर्यवेक्षणको शिलशिलामा राजनीतिक दलका प्रतिनिधिहरु र निर्वाचन आयोगका कर्मचारीहरु बीचको भद्र सहमतिका आधारमा मतगणनाको शुरुवात गर्ने समय मतगणना स्थलहरु पिच्छे फरक फरक पाइयो । त्यसकारण हामी निर्वाचन आयोगलाई मतगणना प्रक्रियालाई अव्यवहारिक र विनाकारण ढिलासुस्ति नहोस भनि सुनिश्चितताका लागि मतगणना निर्देशीका मार्फत गणनाको यस चरणलाई मार्गनिर्देशित गरोस भन्ने सुझाव दिन चाहन्छौ ।

## प्रचारप्रसार अभियान

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ को क्रममा राजनीतिक दलहरु र निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवारहरुले निर्वाचन आचारसंहितामा उल्लेखित अधिकांश प्रावधानहरुको पालना गरेकाले प्रचारप्रसार अभियान शान्त र सभ्य पाइयो । यद्यपि, निर्वाचन आचारसंहिता उल्लंघनका उजुरीहरु उल्लेख्य संख्यामा देखिएता पनि निर्वाचन आयोगले उक्त उजुरीहरुलाई तत्काले उपयुक्त सम्बोधन गरेको पाइयो । आचारसंहिता उल्लंघनका अधिकाश उजुरीहरु सामान्य प्रकृतिका थिए ।

निर्वाचन आचारसंहितालाई कडाईका साथ कार्यान्वयन गरेकोमा हामी नेपालको निर्वाचन आयोग प्रति उच्च सम्मान गर्दछौं । यद्यपि, औपचारिक उजुरीहरु नपरेको अवस्थामा समेत निर्वाचन अधिकारीहरुले आचारसंहिताको पालना गराउने सम्बन्धमा थप पहल गर्न सक्दछन ।

हाम्रा पर्यवेक्षकहरुले राजनीतिक दलहरुद्धारा आयोजित केही ठूला ऱ्यालीहरुको अवलोकन गरेका थिए । प्रचारप्रसार अभियानमा अधिकांश राजनीतिक दलहरु र उम्मेदवारहरुले घरदैलौ कार्यक्रम र सवारीसाधन ऱ्याली गरेको पाइयो ।

## मतदाता शिक्षा

निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरुसंगको छलफल र पर्यवेक्षण अनुसार आगामी निर्वाचनका दौरानमा मतदाता शिक्षा कार्यक्रमलाई विस्तार गर्न अपरिहार्य देखिन्छ । मतदाता शिक्षामा बढी भन्दा बढी जनताहरुको पँहुच सुनिश्चित गर्नका लागि निर्वाचनसँग सम्बन्धित सरोकारवाला निकायहरुले थप जनशक्ति र स्रोतसाधनको व्यवस्था गनुका साथै विभिन्न सञ्चारमाध्यमहरु र सामाजिक सञ्जाल मार्फत् अभियानलाई वडा तहसम्म संचालन गर्ने वातावरण निमार्ण गर्न आवश्यक देखिन्छ भन्ने सुझाब व्यक्त गर्दछ ।

त्यसैगरि, एनफ्रेल मतदाता शिक्षा कार्यक्रममा सिमान्तकृत र विपन्न समुदायको सहभागितालाई अभिवृद्धि गर्नका लागि निर्वाचन आयोग समक्ष सिफारिस गर्दछ ।

*एसियन नेटवर्क फर फ्री इलेक्सन (ANFREL) एशियामा सबैभन्दा ठूलो क्षेत्रिय स्तरको निर्वाचन पर्यवेक्षकहरुको सञ्जाल हो । यस संस्थाले सन् १९९७ मा स्थापना भएदेखि हालसम्म विभिन्न देशका ७० भन्दा बढी निर्वाचनहरुको पर्यवेक्षण गरिसकेको छ । यो प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ को अन्तरिम प्रतिवेदन हो । यसको विस्तृत प्रतिवेदन सम्भवतः सन २०२२ डिसेम्बर (वि.स. २०७९ को मंसिर १६ देखि पौष १५) सम्ममा प्रकाशित हुनेछ ।*

[9] https://nepalnews.com/index.php/s/nation/vote-counting-suspended-in-rupandehi-4